रौतहट जिल्लाको बंकुलमा निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडद्वारा

# ब्यवसायिक बाख्रापालन तालिम सम्पन्न




काठमाण्डौं नक्सालमा केन्द्रीय कार्यालय रहेको निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडले संस्थाका आफ्ना ३२ जना ग्राहक सदस्यहरुको सहभागितामा २०७६ असोज ०९ गते देखि ११ गतेसम्म रौतहट जिल्लाको बंकुलमा "ब्यवसायिक बाख्रापालन तालिम" सम्पन्न गरेको संस्थाका बसन्तपट्टी शाखा कार्यालयका शाखा प्रमुख श्री मकबुल खानले जानकारी गराएका थिए । यस तालिममा ३ जना बाहिरी विशेषज्ञहरु प्रशिक्षक रहेका थिए ।

एक परिवारमा एक जना उद्यमी बनाउन संस्थाले पहल गरीरहेको, संस्थाले साढे दुई दशकदेखि निरन्तर लघुवित्त सेवा दिईरहेको, यस संस्थाबाट कर्जा लिई ब्यवसाय गरी धेरै घरपरिवार आर्थिक समुन्नती तिर अगाडि बढेको समेत संस्थाका कार्यक्रम अधिकृत श्री अजिमुल्ला दर्जीले बताएका थिए । तालिममा सहभागीहरुलाई स्वागत गर्नुका साथै तालिमको उद्देश्य बारेमा संस्थाको बसन्तपट्टी शाखा कार्यालयका प्रमुख श्री मकबुल खानले प्रकाश पारेका थिए ।

तलिममा नेपालमा बाख्रापालनको महत्व र नेपालमा पालिने उन्नत नश्लका बाख्राको जात बारे संक्षिप्त जानकारी, खोर निमार्ण तथा भकारो व्यवस्थापन, बाख्राको आहारा व्यवस्थापन (Dry and lean period) तथा आवश्यक पर्ने भिटामिन खनिज तत्वहरु, खोपको महत्व तथा खोपहरु दिने समय तालिका, बाख्रामा लाग्ने प्रमुख रोगहरु वारे संक्षिप्त जानकारी तथा रोकथामका उपायहरु तथा बाख्रामा लाग्ने प्रमुख परिजिविहरु बारे संक्षिप्त जानकारी तथा रोकथामका उपायहरुको बारेमा बाहिरी विशेषज्ञले तालिम दिएका थिए । बाख्रामा गरिने कृत्रिम गर्भधारण बारे जानकारी तथा (Repeated breeding) सम्बन्धि जानकारी तथा पशुहरुलाई चाहिने

Copyright © 2019, Nirdhan Utthan Laghubitta Bittiya Sanstha Limited. All rights reserved. 

उन्नत जातका घांस वालीहरुको बारेमा समेत बाहिरी विशेषज्ञले तालिम दिएका थिए। पशुहरुको बजार व्यवस्थापन, पशुहरुको अभिलेख राख्ने कार्य र पशु बिमाको बारेमा प्रशिक्षक श्री दिनानाथ प्रसाद यादवले तालिम दिनुको साथै कर्जा सम्बन्धी विषयहरु तथा बचतको महत्व तथा संस्थाको पब्लिक डिपोजिटको बारेमा, संस्थाका सेवाहरुको आदि बारेमा यस तालिममा सहभागीहरुले जानकारी हासिल गरेको बसन्तपट्टी शाखाका शाखा प्रमुख श्री मकबुल खानले बताएका थिए ।



यस निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड देशको ७ वटै प्रदेशका ७७ वटै जिल्लाहरुमा शाखा सञ्जाल रहेको नेपालको एक मात्र सबैभन्दा ठूलो लघुवित्त संस्था हो । संस्थाले १८१ वटाशाखाहरु, १० वटा क्षेत्रीय कार्यालय र केन्द्रीय कार्यालय गरी १९२ वटा कार्यालयहरु मार्फत संस्थाले लघुवित्त सेवा पुर्‍याईरहेको छ। संस्थाले ग्रामीण क्षेत्रमा बसोबास गर्ने शोषित, उत्पिडित, पिछडिएका विपन्न परिवारका महिलाहरुलाई समूहमा आवद्ध गराई विनाधितो लगानी गर्नुका साथै सीपमूलक तालिम, उद्यमशीलता विकास तालिम, सचेतनामूलक कार्यक्रमहरु संचालन गर्दै आर्थिक, सामाजिक र बौद्धिक विकास गर्दै आईरहेको छ । यस संस्थाले देशको कुनाकुनामा शाखाहरु स्थापना गरी ग्राहक सदस्यहरुलाई सीप विकास तालिम प्रदान गर्दै आईरहेको छ साथै तालिम लिएका सदस्यहरुलाई आवश्यकतानुसार लगानी समेत गर्दै आईरहेको छ ।

संस्थाले २०७६ श्रावण मसान्तसम्ममा ३ लाख ५८ हजार ६०१ घरपरिवारहरुमा सेवा विस्तार गरेको छ । संस्थाको २०७६ श्रावण मसान्तसम्ममा लगानीमा रहेको कर्जा रु. १९ अरब ६१ करोड ४२ लाख रहेको छ भने ग्राहक सदस्यहरुका ११ अरब १५ करोड ४१ लाख बचत परिचालन भएको छ । बाख्रापालन गरीरहेका र गर्न ईच्छुक संस्थाका ग्राहक सदस्यहरुलाई थप

Copyright © 2019, Nirdhan Utthan Laghubitta Bittiya Sanstha Limited. All rights reserved. 

ज्ञान, सीप प्रदान गर्न यस तालिममा सहभागी गराईएको संस्थाका बसन्तपट्टी शाखाका शाखा प्रमुख श्री मकबुल खानले जानकारी गराएका थिए ।

तालिमको अन्त्यमा तालिमको मूल्याङ्कन सहभागी श्री मान्ती देवी र श्री मञ्जु देवीले मन्तब्य राखी गरेका थिए । ब्यवसायिक रुपमा बाखापालन गरेमा राम्रो फाईदा लिन तालिमले सहयोग गर्ने सहभागीहरुले बताएका थिए । बाखापालन गरीरहेका र गर्न ईच्छुक संस्थाका ग्राहक सदस्यहरुलाई थप ज्ञान, सीप प्रदान गर्न यस तालिममा सहभागी गराईएको संस्थाका कार्यक्रम अधिकृत श्री अजिमुल्ला दर्जीले जानकारी गराएका थिए । तालिमको संचालन बसन्तपट्टी शाखाका प्रमुख मकबुल खानले गरेका थिए ।

Copyright © 2019, Nirdhan Utthan Laghubitta Bittiya Sanstha Limited. All rights reserved. 